(कार्यालय कोड:८०१०७६९०२)

बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# Office of the Municipal Executive

मार्तडी,बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.:- ०७९/०८०

च. नं.:- १४९३

मितिः २०७९/१२/२८

विषयः शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै
बडीमालिका नगरपालिका, बाजुरा ।

प्रस्तुत विषयमा **"समयमै भर्ना, समयमै ज्ञानः गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार कार्यान्वयन गर्न वडा कार्यालयको समन्वय र सहयोगमा शिक्षा आमा समूह, पूर्व विद्यार्थी समूह गठन तथा परिचालन र पाठ्यपुस्तक वितरण लगायत यसै पत्रसाथ संलग्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्रानुसार कार्यतालिकासहित विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम गर्न हुन निर्णयानुसार अनुरोध छ ।

२०७९/१२/२८

पुष्पराज भट्ट

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री नगर प्रमुख ज्यू - जानकारीका लागि अनुरोध छ ।
श्री नगर उपप्रमुख ज्यू - जानकारीका लागि अनुरोध छ ।
श्री ९ वटै वडा कार्यालय - आफ्नो वडाभित्र सञ्चालित सामुदायिक विद्यालयमा उल्लेखित कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गर्न हुन अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा- वेभसाइड र फेसबुक पेजमा अपलोड गरि दिन हुन ।



फोन नः ०९७-५४१२६८(नगरप्रमुख), ०९७-५४१२८३(उपप्रमुख), ०९७-५४१२८५ (प्रमुख प्रशासकीय अधिकृत), ०९७-५४१२८४(आर्थिक प्रशासन शाखा )

[illegible] (शिक्षा शाखा)

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(अनुसन्धान तथा गुणस्तर सुधार शाखा)**
**सानोठिमी,भक्तपुर**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.स. २०७९/०८०

मिति :- २०७९।१२।२६

च.नं.: ४९

विषय : शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई (सवै)
श्री स्थानीय तह (सवै)
श्री विद्यालय (सवै)

प्रस्तुत विषयमा **"समयमै भर्ना, समयमै ज्ञान ; गुणस्तरीय शिक्षा, सवैको अभियान"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सवै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्वन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न सवै स्थानीय तह र विद्यालयहरुले तपशिल बमोजिम गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्न हुन तथा शिक्षा विकास तथा समन्वय इकाईहरुले पनि यसै अनुसार समन्वय र सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

**शिक्षा विकास तथा समन्वय इकाई**

- विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्वन्धमा जिल्ला भित्रका विद्यालय तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने ।

**स्थानीय तह**

- शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना २०८० बैशाख महिनामा नै सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- स्थानीय तहको शिक्षा शाखाको एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी सूचना, समन्वय र सहजीकरण गर्न लगाउने,
- स्थानीय एफ.एम. रेडियो लगायत स्थानीय स्तरका सञ्चार माध्यमहरुबाट सकेसम्म स्थानीय भाषामा विद्यार्थी भर्ना सम्वन्धी सचेतानामूलक सूचना, विज्ञापन प्रसारणको व्यवस्था मिलाउने,
- स्थानीय स्तरमा क्रियाशील र शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्थाहरुलाई विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्ने,

दर्ता नं.:- २१५६
दर्ता मिति:- २०७९।१२।२६

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(अनुसन्धान तथा गुणस्तर सुधार शाखा)**
**सानोठिमी,भक्तपुर**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

प.स.

च.नं.: मिति :-

- अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाहरुको पढाइमा निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान र सम्मान गर्ने तथा अभिलेख राख्ने व्यवस्था गर्ने,
- आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन, भर्नाको समय, स्थान र प्रक्रिया बारे प्रचार प्रसार, सञ्चार र समन्वय आदिमा परिचालन गर्ने,
- भर्ना अभियानबाट विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने,
- आफ्नो क्षेत्र भित्र विद्यालय उमेरका शतप्रतिशत बालबालिका समयमै विद्यालय भर्ना गराई भर्ना सकिए लगतै विद्यालयबाहिर बालबालिका नभएको स्वघोषणा गर्ने ।

**विद्यालय**

- व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख महिनामा नै सञ्चालन गर्ने,
- भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने,
- विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ.एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,
- कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र स्थानीय तहलाई संप्रेषण गर्ने,
- एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

(धनसूदन चौलागाईं)